# आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

जोरायल गाउँपालिका

**जोरायल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

रावतकट्टे, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

**सभाका सदस्य ज्यूहरु,**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन, लोकतन्त्रको सवलीकरण र सिंहदरबारको अधिकार गाउँमा भन्ने महान अभियानको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु ।

स्थानीय सरकार जनताको प्रत्यक्ष सरोकार राख्ने र जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहेको हुँदा जोरायल गाउँपालिकाले संविधानको मूल मर्म समन्वय, सहकार्य र सहअस्तित्वलाई आत्मसाथ गर्दै नागरिकलाई केन्द्रमा राखी विभिन्न कार्य गरिरहेको छ । सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं ।

यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दीगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्ने, गाउँपालिकालाई उत्कृष्ठ गन्तव्यको रुपमा स्थापित गर्ने र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध विकास गर्ने कुरालाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएको छ ।

## विद्यमान परिवेश:

हाल देशमा उत्पन्न आर्थिक शिथिलताले समग्र देशको अर्थतन्त्रलाई गम्भिर असर पारेको हुँदा हरेक क्षेत्रमा अर्थतन्त्रको प्रभाव परिरहेको अवस्था विद्यमान रहेको छ । साथै यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनुपर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर परेको छ ।

नेपालले जनसांख्यिक लाभ लिंदै अल्प विकसित मुलुकबाट विकासशिल मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन हजारौं युवाहरु रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भिर बनाएको छ । आन्तरिक र वाह्य बसाइसराइका कारण नेपालका गाउँघरहरु सुनसान वस्तीका रुपमा रुपान्तरित हुन पुगेका छन । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइसराइ आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्धा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनरुत्थानशिल क्रियाकलाप मार्फत अगाडी बढाउँदै तिब्र र दीगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हाँसिल गर्नुपरेको छ ।

यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी बनाउनुपर्ने अवस्था देखिन्छ ।

## विद्यमान अवसरहरु:

हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेका छन:

१. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति तथा कार्यक्रम र बजेट संचालन गर्ने अधिकार प्रष्ट हुनु ।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडा केन्द्रसम्म तथा अधिकांस गाउँबस्तीहरुमा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

## विद्यमान चुनौतीहरु:

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु रहेका छन:

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।
३. व्यावसायीक कृषकको संख्या वृद्धि गर्नु ।
४. वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
५. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
६. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
७. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।
८. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यावहारिक एवं उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
९. प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मापदण्ड अवलम्बन गरी अत्याधिक दोहन रोक्न प्रयत्न गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

अब म जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्दछु ।

१. नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
२. नेपालको संविधानको स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकारका सूचीहरु
३. स्थानीय सरकार संचालन ऐन, २०७४
४. संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
५. संघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
६. जोरायल गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
७. स्थानीय तह स्व-मूल्याङ्कनका आधारहरु
८. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधिका आधारहरु
९. विगतका आर्थिक वर्षहरुमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु
१०. विकासका समसामयिक मुद्धाहरुः दीगो विकास सम्बन्धी नीतिहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, वालमैत्री स्थानीय शासन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण, लैंगिक उत्तरदायी बजेट र समावेशी विकास, उर्जा संकट लगायतका विषयहरु
११. गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु

## चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु

म चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हालसम्म प्राप्त उपलब्धीहरु संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१. यस जोरायल गाउँपालिका वडा नं. २ को रिठा सामुदायिक स्वास्थ्य इकाई र वडा नं. ४ को नकु सामुदायिक स्वास्थ्य इकाई मा ल्यापटप र प्रिन्टर को ब्यवस्थापन गरिएको छ । जसले गर्दा स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीमा सहजता भएको छ ।
२. सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई निजको सेवाको कदर गर्दै प्रोत्साहन स्वरुप मासिक भत्ता उपलब्ध गराइएको छ ।
३. गाउँपालिका क्षेत्रभित्रका आम नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन सम्पुर्ण वडाहरुमा दर्ता सहयोगी छनौट गरिएको छ ।
४. निशुल्क स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्ने कार्यलाइ निरन्तरता दिँदै निशुल्क आँखा जाँच तथा शल्यक्रिया शिविर मार्फत १६३६ जनाको आँखा जाँच तथा १०० जनाको आँखाको शल्यक्रिया गरिएको छ ।
५. जोरायल गाउँपालिका १ देखी ६ वटै वडाका २५३० जना किसानहरुलाई मौसमी तथा बेमौसमी तरकारी विउविजन वितरण गरी करेशाबारी मार्फत पोषण सुधार गरिएको छ ।

६. जोरायल गाउँपालिकाका वडा नं. १, २, ३ र ४ का ७५ जनालाई सुन्तलाजात फलफुल विरुवा वितरण गरी बगैंचा निर्माण गरिएको छ ।

७. जोरायल गाउँपालिका वडा नं. ४ भजनामा करिब ४२ रोपनी जमिन भाडामा लिई सो जमिनमध्ये २ रोपनीमा लहरे तरकारीबाली परीक्षण गरी ३५ जना कृषकहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन।

८. नेपल जलवायू नमूना कार्यक्रम अन्तरगत जोरायल गाउपालिका वडा नं ४ भजना शौघाट कलमटामा ५३५ बटा बाख्राको बिमा गरिएको छ ।

९. जोरायल गाउँपालिका वडा ४ कुमारामा गत आ व मा संचालन गरिएको नेपाल जलवायू नमूना कार्यक्रम लाई यस आ व मा निरन्तरता दिई जोरायल गाउपालिका वडा नं ४ कुमारामा उत्पादन भएका कृषिउपज वस्तुहरुको बजारिकरण गर्नको कृषि उपज बस्तुहरुको संकलन केन्द्र निर्माण गरिएको।

१०. जोरायल गाउपालिका वडा नं ४ शौघाट कलमटा भजनामा तटवन्धन, बास विरुवा, नेपिएर लगायतका विरुवाहरु वृक्षारोपण गरिएको ।

११. जोरायल गाउपालिका वडा नं ४ शौघाट कलमटा भजना मा ३ वटा सिंचाई पोखरि निर्माण गरिएको।

१२. पशुपालन ब्यवसायमा जोखिम न्यूनिकरण गर्नका लागि पशुपंक्षी बिमालाई कार्यक्रम लागू भई कृषकहरु लाभान्वित भएका छन ।

१३. निम्न आय भएका, विपन्न, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुलाई सजिलै आम्दानी गरी जिविकोपार्जन गर्ने उपायको रुपमा बाख्रा, कुखुरा वितरण अनुदानका कार्यक्रम संचालन गरिएको छ।

१४. भेडा बाख्रामा देखिने महामारीजन्य पि.पि.आर. रोग विरुद्धको खोप लगाई पशुपालक कृषकहरुलाई व्यावसायीक पशुपालन क्षेत्रमा टेवा पुगेको छ ।

१५. गाउँपालिकामा अपाङ्गता भएका ७ जना व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र वितरण भएको छ ।

१६. गाउँपालिका अन्तर्गत वडा नं. १ का २३ जना, वडा नं. ५ का १७ जना र वडा नं. ६ का २३ जना गरी जम्मा ६३ जना जेष्ठ नागरिकहरुलाई सम्मान सहित कम्मल वितरण गरिएको छ ।

१७. कर्मचारीहरुको हाजिरी, विदा र सो संग सम्बन्धित प्रतिवेदनहरुको सुव्यवस्थित अभिलेख राख्न गाउँ कार्यपालिकाको कार्यालय, ६ वटा वडा कार्यालयहरु र ६ वटा स्वास्थ्य संस्थाहरु गरी १३ वटा कार्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली जडान गरिएको छ ।

१८. गाउँपालिका तथा सबै वडा कार्यालयमा अनलाइन प्रणाली मार्फत राजश्व संकलन गर्ने कार्य भइरहेको छ ।

१९. नेपाल सरकारको समपुरक अनुदान र गाउँपालिकाको लागत साझेदारीमा छहरा झरनालाई पर्यटकीय स्थलको रुपमा विकास गर्न छहरा झरना सडक निर्माण तथा स्तरोन्नतीको कार्य भइरहेको छ ।

२०. कार्यालयका गतिविधिहरु नियमित रुपमा गाउँपालिकाको वेभसाइट, फेसबुक पेज तथा सूचना पाटी मार्फत सार्वजनिक गरिएको छ ।

२१. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको रुपमा लगत संकलन भएका निवदेन फारामहरुको कम्प्युटर प्रणालीमा प्रविष्टी गर्ने कार्य भइरहेको छ ।

२२. सामुदायिक विद्यालयहरुमा कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुलाई स्यानीटरी प्याड व्यवस्थापन गरी प्याड डिस्पोजको लागि ३ वटा विद्यालयहरु (गौरीशंकर मा.वि. गैरा, रामपुर मा.वि. बुडर र घण्टेश्वर मा.वि. जोरायल) मा भेण्डर मेसिन खरिद गरी वितरण गरिएको छ ।

२३. समुदायमा आधारित वालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यताका आधारमा विद्यालयमा समायोजन मिलान गर्ने र गाउँपालिकाबाट खोलिएका समुदायमा आधारित वालविकास केन्द्रहरुलाई विद्यार्थी संख्या, भौगोलिक दुरी र नक्साङ्कनका आधारमा व्यवस्थापन गरिएको छ ।

२४. आधारभूत शिक्षा परीक्षा (कक्षा-८) लाई प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गरिएको छ।

२५. आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ।

२६. विद्यालयहरुमा शिक्षण सिकाई क्रियाकलापहरुलाई प्रभावकारी रुपमा संचालन गरी शैक्षिक गुणस्तर अभिवृद्धिको लागि पालिका स्तरबाट ३४ वटा विद्यालयहरुलाई शिक्षक व्यवस्थापनको लागि अनुदान प्रदान गरिएको छ ।

२७. हालसम्म करिब ९४ % घरधुरीमा आधारभूत स्तरको खानेपानी सेवामा पहुँच पुगेको छ भने करिब ३२०० घरधुरीमा एक घर एक धारा निर्माण भई खानेपानी सेवा प्राप्त भएको छ ।

२८. खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम अन्तर्गत वडा नं. ४ को सिराड टोलका १८ घरधुरीमा एक घर एक धारा निर्माण भई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा तर्फ उन्मुख भएका छन ।

२९. विद्यालयमा खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम अन्तर्गत घन्टेश्वर मा.वि. लाई दुई तारे विद्यालय घोषणा गरिएको छ ।

३०. पालिका भित्रका बजार क्षेत्रमा डस्टविन खरिद गरी वितरण गरिएका छन ।

३१. स्थानीय स्तरमा रहेका विभिन्न पानीका मूहानहरु संरक्षण गर्ने कार्य सम्पन्न भएका छन ।

३२. बालबालिकामा लगानीः सुनिश्चित भविश्यको थालनी" भन्ने मूल नाराका साथ ६० औं राष्ट्रिय बाल दिवसको अवसरमा "वालविवाह अन्त्यका लागि बालबालिकाको भूमिका" विषयमा गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालय (कक्षा ९-१०) स्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ।

३३. जोरायल गाउँपालिका वडा नं. ४ र ६ का ४ वटा टोलहरुमा छाउपडी गोठमुक्त टोल घोषणा गरी १६० जना महिला तथा किशोरीहरुलाई सम्मान गरिएको छ ।

# आगामी आर्थिक वर्षको प्रमुख नीति तथा कार्यक्रमहरु

**सभाका सदस्य ज्यूहरु,**

अब म जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## आर्थिक विकास

### ⇒ कृषि विकास:

१. स्थानीय स्तरमा उत्पादन वृद्धि, कृषकको जीवनस्तर सुधार र खाद्य सुरक्षालाई मजबुत बनाउने उद्देश्यले विगतदेखी संचालन भैरहेको **अध्यक्ष विशेष कृषि कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।

२. जोरायल गाउँपालिकाको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न प्रमुख कृषि जन्य खाद्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी जोरायल गाउँपालिकाको खाद्य सुरक्षा प्रत्याभुत गर्दै समग्र गाउँपालिकाको खाद्य सुरक्षामा टेवा पुर्याइनेछ ।

३. कृषि प्रसार सेवा विस्तार गरी सूचना प्रविधिका औजारहरुको परीक्षण तथा उपयोग गर्दै कृषकहरुको प्रविधि माथिको पहुँच अभिबृद्धि गरिनेछ । अन्तर्राष्ट्रिय बाली अनुसन्धान केन्द्रहरु, कृषि विश्वविद्यालय तथा अध्ययन संस्थानहरु सँगको समन्वयमा कृषि प्रविधि विस्तार, अध्ययन र उत्पादन प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।

४. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरु तथा कृषि विषय पढेका प्राविधिकहरुलाई कृषि उत्पादन क्रियाकलापहरुमा सहभागी हुन प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।

५. जलवायु परिवर्तन मैत्री कृषि प्रविधि प्रवर्द्धन, जैविक विविधता संरक्षण तथा एकिकृत खेती व्यवसाय गर्न प्रोत्साहन गरिनेछ ।

६. कृषिमा रहेको जोखिम न्यूनिकरण गर्दै विपन्न समुदाय र वर्ग लक्षित (दलित, मुक्त हलिया, एकल महिला, द्वन्द्वपीडित, बादी समुदाय, आदी ) आयआर्जन गर्नका लागि जग्गा लिजमा लिई खाद्यान्न वाली तरकारी वाली उत्पादनका कार्यक्रमहरु मार्फत गरिबी न्यूनिकरणमा जोड दिइनेछ ।

७. व्यावसायीक रुपमा उत्पादन वृद्धि गर्न सकिने कृषि योग्य बाँझो जमिनको पहिचान गरी करार खेतीका कार्यक्रम मार्फत उत्पादन वृद्धि गर्ने खालका क्रियाकलापहरुलाई प्राथमिकता दिइनेछ ।

८. कृषि तथा बहुउद्धेश्यीय सहकारी संस्थाहरुलाई विकासको प्रमुख साझेदारका रुपमा स्थापित गर्न सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । सहकारी संस्थाहरु मार्फत सिप विकासका तालिम संचालन गरी समुदायको आयआर्जनमा टेवा प्रदान गरिनेछ ।

९. जोरायल गाउँपालिकामा रहेका एकै कार्यक्षेत्र र समान प्रकृतिका कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरुको एकिकरण तथा व्यवसाय विस्तारका कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ ।

१०. बालीनालीमा लाग्ने रोगकिरा विरुद्धको उपचारका लागि ग्रामीण स्तरमा गई वाली उपचार शिविर, विषादी वितरण तथा प्राविधिक परामर्श सेवालाई थप प्रभावकारी बनाइनेछ ।

११. बजार व्यवस्थापनका लागि जोरायल गाउँपालिका डोटीमा काम गरिरहेका विकास साझेदार संघ संस्थाहरुको सहकार्यमा संकलन केन्द्रहरुको स्थापना गर्नुका साथै सुदृढिकरण गरिनेछ ।

१२. जोरायल गाउँपालिकाका ग्रामिण स्तरमा रहेका विपन्न वर्ग, जनजाती, एकल महिलाको आयस्तरमा वृद्धिका लागि विभिन्न वालीनालीको ५० प्रतिशत अनुदानमा विउ वितरण कार्यक्रम संचालन गरिनेछ।

१३. भकारो सुधार, साना सिचाई पोखरी निर्माणका लागि सार्वजनिक सूचना मार्फत आह्वान गरी फर्म, समूह, सहकारीलाई अनुदान उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

१४. कृषकहरुलाई मौसम अनुसार बालीको समय निर्धारण गर्ने जानकारी उपलब्ध गराउन कृषि बालीपात्रो प्रकाशन गरिनेछ ।

१५. कृषि क्षेत्रको यथार्थ अवस्थाको पहिचान, योजना निर्माणमा तथ्याङ्क उपलब्ध गराउन तथा किसानको पहिचान प्रणाली गर्ने उद्देश्यले कृषि तथ्याङ्क अद्यावधिक तथा किसान सूचीकरणको कार्यलाई निरन्तरता दिइनेछ ।

१६. स्थानीय कृषकहरुको आयआर्जन वृद्धि, पोषण सुधार, रोजगारी सृजना र मौसमी र बेमौसमी तरकारी खेतीलाई प्रवर्द्धन गर्न विउविजन वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७. माटोको उपयुक्तता पहिचान, वैज्ञानिक खेती प्रवर्द्धन, मलको समुचित प्रयोग तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले कृषकहरुको खेतवारीको माटो परीक्षण कार्यलाई जोड दिईनेछ ।

१८. बगर क्षेत्रको उपयोग गरी विपन्न, साना किसान तथा समूहहरुलाई लक्षित गरी उत्पादनमुखी, नवप्रवर्तनयुक्त, वातावरणमैत्री बगर खेती कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ⟹ पशु सेवा:

१९. जोरायल गाउँपालिका क्षेत्रमा अधिक सम्भावना रहेको व्यावसायिक बाख्रापालन लाई प्रवर्द्धन गरी बाहिर जिल्लामा खसि, बोका र बाख्रा निर्यात गर्ने लक्ष्य राखी बाख्रापालन उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. हाल बजारमा भइरहेको मासु र अण्डाको माग र आयातलाई ध्यानमा राखी गाउँपालिकामा संचालित विभिन्न कुखुरापालन फार्मलाई व्यवस्थित गर्न उत्पादनमा आधारित कुखुरापालन फार्म सुधार अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२१. उत्पादित पशुजन्य पदार्थको बजारिकरणका लागि मासु पसल र डेरी पसल सुधारका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२२. निम्न आय भएका, विपन्न, एकल महिला, अपाङ्गलाई सजिलै आम्दानी गरी जिविकोपार्जन गर्ने उपायको रुपमा बाख्रा, कुखुरा वितरण अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

२३. बजारमा हाल बढिरहेको दुध तथा दुग्धजन्य पदार्थको बढ्दो मागलाई ध्यानमा राखी दुध उत्पादन बढाई दुधमा आत्मनिर्भर हुन भैंसीपालन फार्महरुलाई उत्पादनमा आधारित भैंसीपालन फार्म र समूह मार्फत अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२४. कृषकलाई गाँउघरमा नै पशु उपचार सेवा प्रदान गर्न गाउँपालिकाबाट टाढा रहेका वडामा पशु स्वास्थ्य शिविर, आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण शिविर, रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२५. वैदेशिक रोजगारबाट फर्केका बेरोजगार युवाहरुलाई पशुपालनमा आकर्षित गरी स्वरोजगार सृजना गर्न युवा स्वरोजगारका लागि पशुपालन सम्बन्धि अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

२६. पशु आहारामा उत्पादन योग्य पोषिला घाँसका विउ वितरण, नर्सरी स्थापना, घाँसवाली श्रोतकेन्द्र स्थापना गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२७. कृषकहरुलाई गाउँघरमा नै पशु उपचार सेवा र कृत्रिम गर्भाधान सेवा तथा खोप सेवा संचालन गर्न प्रत्येक वडाका पायक पर्ने स्थानमा फलामे ट्रेविज निर्माण गरिनेछ ।

२८. बाख्रामा लाग्ने परजिवि नियन्त्रणका लागि बाख्रापालन बढी भएका क्षेत्रमा डिपिङ ट्याङ्की वितरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२९. कृत्रिम गर्भाधानका माध्यमबाट स्थानीय पशुहरुको नश्ल सुधार गरी दुग्ध उत्पादन बढाउन संचालन भईरहेको कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०. पशु सेवा शाखामा कार्यरत प्राविधिक जनशक्ति र किसानको क्षमता अभिबृद्धि गर्न प्रदेश स्तरमा संचालन हुने विभिन्न पशुपालन सम्बन्धि तालिममा सहभागी गराइनेछ ।

३१. पशुपालन व्यवसायमा संलग्न कृषकहरुलाई जोखिम न्यूनिकरण गरी आयआर्जनलाई सुरक्षित र दीगो बनाउन पशुपंक्षी बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ⇒ संस्कृति तथा पर्यटनः

३२. जोरायल गाउँपालिकाको ऐतिहासिक, सांस्कृतिक, कृषि, पर्यटन तथा जीविकोपार्जनका विविध पक्षलाई उजागर गर्दै स्थानीय उत्पादन, पहिचान र प्रतिभालाई प्रवर्द्धन गर्न, आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गराउनका लागि आवश्यक विभिन्न प्रकृतिका मेला, महोत्सव आयोजनामा आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।

३३. नेपाल चलचित्र विकास बोर्डको समन्वयमा छहरा झरना लगायतका पर्यटकीय स्थल, मौलिक कला, संस्कृति तथा समुदायको पहिचानलाई संरक्षण तथा प्रवर्द्धनका लागि दृश्य-श्रव्य अभिलेखिकरण तथा प्रचार-प्रसार गर्ने नीति अबलम्बन गर्नेछ ।

३४. स्थानीयस्तरमा रहेका ऐतिहासिक, पुरातात्विक र पौराणिक महत्त्व बोकेका पाण्डवकालिन स्थल तथा संरचनाहरुको खोज अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्ने नीति लिईनेछ ।

३५. गाउँपालिका क्षेत्र भित्रका मारुनी नाँच, पैसेरी नाँच, पञ्चेबाजा, गमरा लगायतका स्थानीय लोक संस्कृति जगेर्ना तथा सांस्कृतिक सम्पदा एवं मठमन्दिरहरुको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

### ⇒ उद्यमशिलता विकासः

३६. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत आयआर्जन अभिवृद्धि गर्न उद्यमी छनौट, सीप विकास तालिम, उद्यमीहरुको स्तरोन्नति र व्यवसायीक प्रवर्द्धन गर्ने कार्यक्रम व्यवहारिक रुपमा कार्यान्वयन हुने गरी संचालन गरिनेछ ।

३७. स्थानीय तहको आर्थिक विकास, रोजगारी सिर्जना र आत्मनिर्भरता सुनिश्चित गर्न युवाहरुको सृजनात्मकता र उद्यमशीलतालाई प्रवर्द्धन गर्न युवा उद्यमी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

### ⇒ सहकारीः

३८. सहकारी संस्थाहरुको सुदृढीकरण विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन नियमन र निरीक्षणको व्यवस्था मिलाइनेछ ।

३९. सहकारी संघ संस्थाहरुसंग सहकार्य गरी सञ्चालनमा रहेका सहकारी संस्थालाई वेभ प्रोटल (कोपोमिस) मा आवद्ध गर्ने कार्य अघि बढाइनेछ ।

## सामाजिक विकास

### ⇒ स्वास्थ्यः

४०. आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउँने नागरिकको मौलिक हक सुनिश्चित गरिनेछ ।सरकारद्वारा निःशुल्क वितरण हुँदै आएका ९८ प्रकारका औषधी तथा सर्जिकल सामग्रीहरु सबै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

४१. स्वास्थ्य सेवा प्रदायक सार्वजनिक निजि र सामुदायिक संस्थाहरुसँग सहकार्य गरि आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।

४२. एम्वुलेन्स, सवारी यातायात अन्य साधन जस्ता सेवालाई चौबिसै घण्टा संचालन हुने गरी व्यवस्था मिलाईनेछ । साथै गर्भवती तथा सुत्केरी अवस्थाका महिलाहरुलाई उच्च स्तरीय सेवा प्रदान गर्ने स्थानमा आकस्मिक सेवा गर्नुपर्ने अवस्थामा एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराइनेछ ।

४३. डिप्रेशन हुन सक्ने विद्यार्थी, एकल, गर्भवती महिला, ज्येष्ठ नागरिक अपांग भएका व्यक्तिहरुलाई आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४४. विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी आदिको लागि गाउँपालिकाले प्रदान गर्दै आएको आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

४५. घुम्ती स्वास्थ्य सेवा, निःशुल्क गर्भवती जाँच सेवा, प्रसुति सेवा, खोप सेवा मार्फत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४६. जनस्वास्थ्यतर्फ नि:शुल्क औषधी, स्वास्थ्य उपकरण तथा औजार खरिद, कार्यक्रम, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम, स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा, सुरक्षित गर्भपतन सेवा विस्तार, महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन लगायतका कार्यक्रमहरु संचालन गरिनेछन ।

४७. जोरायल बासीको स्वास्थ्य अवस्थालाई मध्यजनर गरी योग अभ्यास शिविर, नि:शुल्क स्वास्थ्य शिविरजस्ता कार्यक्रमहरु संचालन गरिनेछन् जसबाट जनताहरुलाई उपचार, परामर्श सेवा उपलब्ध गराइनेछ ।

४८. स्वास्थ्य सेवा सबैका लागि भन्ने भावनका साथ **स्वास्थ्य बीमा कार्यक्रम**मा जनसहभागिता बढाउने, बीमा शुल्कमा सहायता प्रदान गर्ने, बीमाको नवीकरणलाई सहज बनाउने र सेवाको गुणस्तर सुनिश्चित गर्ने नीति अबलम्बन गरिनेछ ।

४९. स्वास्थ्य सेवा प्रवाहमा अग्रपंक्तिमा खटिने महिला स्वास्थ्य स्वंयमसेविकाको योगदानलाई सम्मान गर्दै प्रोत्साहन स्वरुप वार्षिक भत्ता उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

५०. किशोरकिशोरी सेवा सुदृढीकरण गरी किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था घोपणा गरिनेछ ।

५१. पोषण सेवा कार्यक्रम सुदृढीकरण गरी पोषणमैत्री स्वास्थ्य संस्था तथा वडा घोषणा गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५२. क्षयरोग लाइ जनस्वास्थ्य समस्याको रुपमा रहन नदिन तथा न्यूनिकरणका लागी क्षयरोग मुक्त अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५३. सुत्केरी आमाहरुको स्वास्थ्य रक्षा तथा पोषण अवस्था सुधार गर्न उपाध्यक्ष पोषण नाङ्लो कोसेली कार्यक्रम संचालन गरिनेछ ।

५४. गाउँपालिका मातहतका ६ वटै वडाहरुमा नागरिक आरोग्य कार्यक्रम र विद्यालयहरुमा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

५५. वालवालिकाहरुमा हुने कुपोषणजन्य रोग तथा जोखिम न्यूनिकरण गर्न स्तनपान गराइरहेका आमाहरुलाई दुग्धवर्धक औषधीहरु निशुल्क वितरण गरिनेछ । साथै जेष्ठ नागरिकरुलाई शक्तिवर्धक औषधीहरु निशुल्क रुपमा प्रदान गरिनेछ ।

५६. दीर्घकालिन तथा नसर्ने रोगहरु जस्तैः उच्च रक्तचाप, मधुमेह जस्ता प्राणधातक रोगहरुमा सेवनयोग्य आहार विहारका साथै ऋतुचर्या सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

५७. मानसिक स्वास्थ्यलाई समान रुपमा शारीरिक स्वास्थ्य जत्तिकै महत्व दिँदै मानसिक समस्या भएका व्यक्तिहरुको पहिचान, परामर्श, औषधोपचार तथा पुनर्स्थापनाको समुचित व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

५८. स्थानीय बासिन्दालाई सहज, गुणस्तरीय र नियमित आँखा सम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्न आँखा उपचार केन्द्रको सेवा गुणस्तर अभिवृद्धि, पहुँच विस्तार र संरचनात्मक व्यवस्थापन सुधार गर्ने नीति लिईनेछ ।

## ⇒ शिक्षाः

५९. विद्यालयहरुमा शिक्षण सिकाई क्रियाकलापहरुलाई प्रभावकारी रुपमा संचालन गरी शैक्षिक गुणस्तर अभिवृद्धिको लागि पालिका स्तरबाट शिक्षक व्यवस्थापन अनुदान प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

६०. जोरायल गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरी अवधि पुगेका स्थायी शिक्षकहरुको चक्रिय र पुर्वानुमानयोग्य सरुवालाई व्यवस्थित गरिनेछ ।

६१. आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनको क्रममा देखिएका अनुभवका आधारमा परिमार्जन गर्दै पाठ्यक्रम कार्यान्वयनको लागि Guideline निर्माण गरिनेछ ।

६२. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिको लागि माध्यमिक विद्यालयहरुमा ICT सहितको विद्यालय पुस्तकालय तथा व्यवस्थित विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६३. आधारभूत शिक्षा परीक्षा (कक्षा-८) संचालन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

६४. सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर सुधारका लागि नियमित अनुगमन निरीक्षण तथा शिक्षकको पेशागत सहयोगका कार्यक्रमहरु संचालन गरिनेछन ।

६५. सामुदायिक विद्यालयहरुमा कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुलाई स्यानीटरी प्याड व्यवस्थापन तथा प्याड डिस्पोजको लागि भेण्डर मेसिन खरिद तथा वितरण गरिनेछ ।

६६. यस गाउँपालिका अन्तर्गत आवासीय कक्षा संचालन भएका सामुदायिक विद्यालयहरुलाई अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी थप व्यवस्थित गर्न आवश्यक अनुदान सहयोग गरिनेछ ।

६७. आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा विषयगत आधारमा तथा आधारभूत तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात, विद्यालय नक्साङ्कनका आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

६८. समुदायमा आधारित वालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यताका आधारमा विद्यालयमा समायोजन मिलान गर्ने र गाउँपालिकाबाट खोलिएका समुदायमा आधारित वालविकास केन्द्रहरुलाई विद्यार्थी संख्या, भौगोलिक दुरी र नक्साङ्कनका आधारमा थपघट गरिनेछ ।

६९. एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षकहरुको पेशागत विकासमा जोड दिइनेछ।

७०. ICT को पहुँच नभएका विद्यालयहरुलाई क्रमशः प्रति विद्यालय कम्तिमा पनि १ ल्यापटप र १ प्रिन्टर उपलब्ध गराइने छ ।

७१. वालविकास केन्द्रका कक्षा कोठाहरुमा भित्ते लेखन तथा बालमैत्री कक्षाकोठा व्यवस्थापनका लागि सामग्री खरिद तथा वितरण गरी कक्षाकोठालाई आकर्षक, ज्ञानमुलक र बालमैत्री बनाइनेछ ।

## ⇒ युवा तथा खेलकुदः

७२. खेलकुद प्रवर्द्धन र युवा विकासका लागि आवश्यक पूर्वाधार तयार गर्ने लक्ष्यका साथ निर्माणाधिन खेलकुद भवन निर्माण कार्य सम्पन्न गरी यसलाई दीगो र समावेशी खेलकुद गतिविधि संचालनको केन्द्र बनाउने नीति अबलम्बन गरिनेछ ।

७३. जोरायल गाउँपालिकाका युवाहरुमा नेतृत्व क्षमता अभिवृद्धि गर्ने, सार्वजनिक बोल्ने सीप विकास गर्ने र उनिहरुलाई सामाजिक तथा औपचारिक कार्यक्रमहरुमा सक्रिय रुपमा सहभागि गराउने उद्देश्यले युवा उद्घोषण तालिम संचालन गरिनेछ ।

७४. राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, अध्यक्षकप भलिबल प्रतियोगिता लगायतका खेलकुद सम्बन्धी विभिन्न कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५. नृत्य तथा गायन क्षेत्रमा युवाहरुको प्रतिभा पहिचान तथा क्षमता विकासका लागि **Jorayal Idol** प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

७६. गाउँपालिकामा विविध खेलकुदमा सक्रिय युवाहरुको प्रतिभा पहिचान, संरक्षण र विकास गर्न खेल क्षेत्रमा संलग्न खेलाडीहरुको हौसला अभिवृद्धि गर्ने उद्देश्यले खेलाडी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

७७. बालबालिकालाई खेलकुदमा सहभागी गराई उनिहरुको शारीरिक, मानिसक र सामाजिक विकासमा सहयोग पुग्ने उद्देश्यले बालक्लबहरुलाई खेलकुद सामग्री वितरण गरिनेछ ।

७८. बालबालिकाहरुलाई लोकतान्त्रिक अभ्यास, नेतृत्व विकास तथा बालअधिकारको प्रवर्द्धनका लागि नमूना संसद अभ्यास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ⇒ बहुक्षेत्रीय पोषणः

७९. पोषण विशेष र पोषण सम्वेदनशिल कार्यक्रम संचालन गरी १००० दिनका आमा, किशोरी तथा वालवालिकाको पोषणको अवस्थामा सुधार गर्दै पूर्ण पोषण मैत्री पालिका बनाउन अभियान संचालन गरिनेछ ।

८०. बहुक्षेत्रिय पोषण कार्यक्रमको एकीकृत वार्षिक योजना तयार गरी दीगो विकासको लक्ष्य अनुरुप ५ वर्ष मूनिका बालवालिकामा हुने पुड्कोपनलाई सन् २०३० को अन्त्यमा १५ प्रतिशतमा झार्ने, ख्याउटेपनलाई घटाएर ४ प्रतिशतमा पुर्याउने, रक्तअल्पतालाई १० प्रतिशतमा झार्ने लक्ष्य प्राप्तिका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप सुदृढीकरण गरिनेछ ।

८१. महिला, किशोरी तथा वालवालिकाहरुको पोषणको अवस्था सुधार ल्याउन र पोषण सेवाको सुनिश्चितता र दीगोपना कायम गर्न पोषणमैत्री स्थानीय तह घोषणा गर्ने कार्यको थालनी गरिनेछ ।

## ⇒ खानेपानी तथा सरसफाईः

८२. खानेपानी, स्वच्छता तथा सरसफाई (वास) योजना अनुसार प्राथमिकताका आधारमा सम्पूर्ण वडा र वस्ती समेट्ने गरी एक घर एक धाराको नीतिलाई कार्यान्वयन गर्दै सुरक्षित खानेपानी युक्त समुदाय विकास तथा घोषणाको नीतिलाई निरन्तरता दिइनेछ ।

८३. विद्यालयहरुमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको सुनिश्चित गरी तिनतारे विद्यालयहरुको विकास तथा घोषणा गरिनेछ ।

८४. खानेपानी योजना लागू भएको प्रत्येक घरधुरीहरुमा च्याङ जुठ्यान तथा घरबारी व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८५. सबै नागरिकलाई सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता सेवामा पहुँच पुर्याउने उद्देश्यले तयार भएको वास प्लानलाई पुनरावलोकन तथा अद्यावधिक गरिनेछ ।

## ⟹ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:

८६. वडा स्तरीय र पालिका स्तरीय बाल अधिकार समितिलाई सक्रिय पारिनेछ ।

८७. अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यकता अनुसारको सहायता सामग्री वितरण गरिनेछ ।

८८. ६ वटै वडाहरुमा अपाङ्गता परिचयपत्र वितरण शिविर संचालन गरिनेछ ।

८९. महिला विरुद्धका कुरिती, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण, सशक्तिकरण र महिला शिक्षाका कार्यक्रम संचालन गरिनेछ ।

९०. विपन्न, दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला लगायत बञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीका लागि आय आर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछन् ।

९१. महिला तथा बालबालिका उपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरुमा अभियान सञ्चालन गरिनेछ ।

९२. टुहुरा, अति विपन्न बालवालिकाहरुलाई अध्ययनको लागि राहत स्वरुप प्रोत्साहन गरिनेछ ।

९३. बालक्लबको क्षमता विकास तथा अतिरिक्त क्रियाकलापमा सहभागी गराइनेछ ।

९४. बालविवाह अन्त्यका लागि बाल संजाललाई परिचालन गरिनेछ ।

९५. लैंगिक उत्तरदायी बजेट तथा क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ ।

९६. लागू औषध नियन्त्रण सम्बन्धी प्रहरी संग साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

९७. जेष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा सम्मान कार्यक्रम संचालन गरिनेछ ।

९८. महिलासंग उपाध्यक्ष तथा छात्रासंग उपाध्यक्ष कार्यक्रम संचालन गरिनेछ ।

९९. छाउपडी गोठमुक्त टोल/वडा घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१००. बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि योजना निर्माण गरी आवश्यक संस्थागत संरचना निर्माण र परिचालन गरिनेछ ।

१०१. विद्यालयस्तरका बालबालिकालाई यौनजन्य हिंसा, शारीरिक तथा मानसिक दुर्व्यवहार, साइबर अपराध लगायत सम्भावित जोखिमबाट जोगाउन आत्मरक्षा तालिम संचालन गरिनेछ ।

१०२. सामाजिक रुपमा पिछडिएको र कमजोर अवस्थाको बादी समुदायको जीवनस्तर उकास्न विगतदेखी संचालन हुँदै आएको आयआर्जनमुखी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## ⇒ रोजगार सेवाः

१०३. रोजगारी सिर्जना हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ । ठूला तथा मेशिनरी औजार प्रयोग हुने र १० लाख भन्दा माथिका सडक आयोजना बोलपत्रमार्फत कार्यान्वयनमा ल्याइनेछ ।

१०४. गाउँपालिका अन्तर्गत संचालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

१०५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित योजनाहरुलाई प्रत्यक्ष विकाससंग जोडेर जनताको सीप, क्षमता र योग्यता अनुसार रोजगारी प्रदान गरिनेछ ।

१०६. बैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिपको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशिलता विकासका लागि स्थानीय आर्थिक विकास अन्तर्गत नवप्रवर्तनशील तथा प्रोत्साहनमुखी कार्यक्रमसंग आवद्ध गरिनेछ ।

१०७. गाउँपालिकाबाट निर्माण गरिने विकास आयोजनामा स्थानीय रोजगारी सृजना गरिनेछ र त्यस्ता आयोजनामा काम गर्ने कामदारको सूची तयार गरिनेछ ।

## ⇒ व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा

१०८. सबै वडा कार्यालयहरुमा Biometric Device जडान गरी सामाजिक सुरक्षा भत्ता नविकरण तथा सबै किसिमका पेन्सन नविकरण सम्बन्धी कार्य Biometric Verification मार्फत हुनेछ ।

१०९. राष्ट्रिय परिचयपत्र स्थानीय तह बाटनै अनलाईन दर्ता गर्ने प्रक्रियाका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

११०. वडा कार्यालयका पञ्जिकाधिकारीहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

## ⇒ भूमिहिन सुकुम्बासी पहिचान तथा व्यवस्थापनः

१११. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको रुपमा लगत संकलन भएका निवेदन फारामहरुको कम्प्युटर प्रणालीमा प्रविष्टी, प्रमाणीकरण, जग्गा नापी आदि कार्य सम्पन्न गरिनेछ ।

११२. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न भूमि समस्या समाधान आयोग तथा जिल्ला भूमि व्यवस्थापन समितिसंग सहकार्य गरी जग्गा धनी प्रमाणपुर्जा उपलब्ध गराउने कार्य अघि बढाइनेछ ।

# पूर्वाधार विकास

## ⇒ सडक तथा पुल:

११३. भौतिक संरचना निर्माण, मर्मतसम्भार, विपद व्यवस्थापन र विकास योजनाको समयमै कार्यान्वयनका लागि गाउँपालिकाले जेसीबी र ट्याक्टर खरिद गरि स्वामित्वमा राखे र परिचालन गर्नेछ।

११४. यातायात गुरुयोजना अनुसार सडकहरुको प्राथमिकरण गर्ने र सोही आधारमा सडकहरुको स्तरोन्नति गर्दै लगिनेछ । साथै वडा देखी टोलवस्तीमा सडक संजाल विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## ⇒ भवन निर्माण:

११५. भवन निर्माण गर्नुपूर्व अनिवार्य रुपमा गाउँपालिकाबाट घर नक्सापास गर्ने नीतिलाइ कार्यान्वयनमा ल्याइनेछ ।

११६. स्थानीय तहको सभा, बैठक, तालिम र सार्वजनिक कार्यक्रमको सहज आयोजना गर्न अत्याधुनिक सभाहल निर्माण गरिनेछ ।

## ⇒ सिंचाई:

११७. सिंचाईको अभावमा बाँझो रहेका खेतियोग्य जमिनमा सिंचाईको पहुँच पुऱ्याई कृषि उत्पादन बढाउने कार्यलाई निरन्तरता दिइनेछ ।

११८. निर्माणाधिन वा अधुरा सिंचाई नहरलाई निरन्तर रुपमा अगाडी बढाउन संघ, प्रदेश र दातृ निकायहरुसंग आवश्यक समन्वय गरिनेछ ।

## ⇒ उर्जा:

११९. उज्यालो गाउँपालिका बनाउने कार्यलाई निरन्तरता दिदै विद्युतको पहुँच नपुगेको वस्तीमा विद्युतीकरणको कार्य विस्तार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१२०. उर्जामा महिलाको पहुँच वृद्धि गर्नका लागि घरभित्र धुँवामुक्त अभियानलाई सफल पार्न विद्युतीय चुलोलाई प्रोत्साहन गरिनेछ ।

## ⇒ संचार

१२१. गाउँपालिका भित्र मोवाइल नेटवर्किङमा समस्या भएको स्थानहरुमा नेपाल टेलिकमसंग सहकार्य गरी सेवा विस्तार गरिनेछ ।

१२२. गाउँपालिका अन्तर्गतका सम्पूर्ण बस्तिहरुमा 4G Mobile नेटवर्क सुविधाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१२३. गाउँपालिकाबाट प्रकाशन हुने सूचनाहरु स्थानीय संचार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइनेछ ।

# वन, वातावरण तथा विपद व्यवस्थापन

## ⇒ वन तथा वातावरण:

१२४. ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गर्न पहल गरिनेछ ।

१२५. पर्यावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन उपभोक्ता समिति तथा दातृ निकायहरुसंग सहकार्य गरी उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२६. सामुदायिक वन उपभोक्ता समिति र दातृ निकायहरुसंगको सहकार्यमा वन डढेलो, वातावरण संरक्षण र विपद व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ⇒ जलाधार संरक्षण:

१२७. गाउँपालिका भित्रका पानीका मूलहरु तथा जलाधार क्षेत्रहरुको पहिचान गरी संरक्षण गरिनेछ ।

१२८. जलाधार क्षेत्रको संरक्षणका लागि गाउँपालिकाका विभिन्न स्थानहरुमा रिचार्ज पोखरी निर्माण गर्न साझेदार संस्थासंग समन्वय गरिनेछ ।

## ⇒ जलवायु परिवर्तन:

१२९. स्थानीय स्तरमा रहेका पानीका मूहानहरु संरक्षण गरी जलवायु परिवर्तनबाट हुने प्रभावलाई न्यूनिकरण गर्न सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१३०. वातावरणमैत्री पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

## ⇒ फोहोरमैला व्यवस्थापन:

१३१. जोरायल गाउँपालिकालाई सफा, हरित र स्वस्थ गाउँपालिका बनाउने उद्देश्यले फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउने नीति लिईनेछ ।

## ⇒ प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापन:

१३२. गाउँपालिका भित्र रहेका विपदका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी विपद न्यूनिकरण तथा व्यवस्थापनको लागि विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको आधारमा आवश्यक पूर्वतयारी गरिनेछ ।

१३३. गाउँपालिका तथा वडा स्तरीय विपद व्यवस्थापन समितिको सक्रिय परिचालनको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

# सुशासन तथा संस्थागत विकास

## ⟹ मानव संशाधन विकास तथा संस्थागत क्षमता विकासः

१३४. आयोजनाहरुको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ ।

१३५. आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गरिनेछन ।

१३६. गाउँपालिकाको बेरुजुको अभिलेखिकरण तथा सम्परिक्षण गरि आगामी आर्थिक वर्षमा लेखा परिक्षण मार्फत न्यून बेरुजु कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

१३७. भुक्तानी प्रक्रियालाई सरल र व्यवस्थित बनाउन लागू भएको विद्युतीय भुक्तानी प्रणाली (EFT) लाई थप प्रभावकारी बनाइनेछ ।

१३८. आर्थिक वर्षको अन्तमा आएर नयाँ योजना स्वीकृत गरी संचालन गर्ने पद्धतिको अन्त्य गरिनेछ, साथै वडा तथा पालिकास्तरीय योजना छनौट तथा संचालन गर्दा उपभोक्ताको बढी लागत साझेदारी हुने योजनालाई पहिलो प्राथमिकता दिइनेछ ।

१३९. गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याइनेछ। यस आर्थिक वर्षदेखि योजना सार्ने प्रवृत्तिमा नियन्त्रण गरिनेछ ।

१४०. यस गाउँपालिकाबाट प्रवाह गरिने विभिन्न सेवालाई थप सहज, सरल र सुविधायुक्त बनाउनको लागि एकीकृत घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४१. स्थानीय तहको विकास र सुशासनलाई आधारभूत तहबाट कार्यान्वयन गर्न समुदायस्तरमा टोल विकास संस्थाहरुको गठन तथा पुनर्गठन गरी समुदायको आवश्यकता पहिचान, योजना निर्माण, कार्यान्वयन र अनुगमनमा क्रियाशिल गराइनेछ ।

१४२. गाउँपालिका मार्फत संचालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठन गरिएका उपभोक्ता समितिहरु तथा वडा समितिलाई योजना कार्यान्वयनमा सहजताका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४३. गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार आफू कार्यरत स्थानबाट पालिका भित्रकै अन्य स्थानमा कामकाज गर्ने गरी पदस्थापन गर्न सकिनेछ ।

१४४. लोकतन्त्रको लाभ जनतासम्म पुऱ्याउन नीति, योजना निर्माण र विकास कार्यमा नागरिक सहभागिता प्रवर्द्धन गर्न नागरिक सहभागिता नीति ल्याई कार्यान्वयन गरिनेछ ।

१४५. नागरिक गुनासोको सुनुवाईका लागि गुनासो संयन्त्रको विकास गरिनेछ ।

१४६. स्थानीय बजार क्षेत्रमा हुने चोरी, ठगी, झैझगडा, ट्राफिक अव्यवस्था, अवैध गतिविधि लगायत सार्वजनिक सुरक्षामा चुनौती दिने क्रियाकलापलाई नियन्त्रण गर्न मुख्य मुख्य बजार क्षेत्रमा सिसिटिभी जडान गरिनेछ ।

१४७. सवारी दुर्घटनाबाट हुने जनधनको क्षति न्यूनिकरण गर्न, बालबालिका, युवा, चालक तथा सर्वसाधारणमा सडक सुरक्षाको ज्ञान र व्यवहार परिवर्तन गराउने उद्देश्यले सवारी दुर्घटना सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१४८. स्थानीय सरकारलाई जनमुखी, पारदर्शी र उत्तरदायी बनाउने लक्ष्यका साथ संचालन भएको जनतासंग जनप्रतिनिधि कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४९. ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (REED) द्धारा निर्माण भई यस गाउँपालिकालाई हस्तान्तरण भएको कृषि तथा पशुपन्छी सेवा केन्द्र, बुडरमा आवश्यक कर्मचारी व्यवस्थापन गरी प्रविधि प्रसार तथा कृषि तथा पशुपन्छीका सेवाहरु संचालन गरिनेछन ।

## ⇒ सूचना प्रविधि:

१५०. गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई प्रविधिको माध्यमबाट थप प्रभावकारी बनाउने नीति अपनाईनेछ साथै गाउँपालिकाका मातहतका कार्यालयहरुमा उच्च गतिको ईन्टरनेट बिस्तार गरिनेछ ।

१५१. गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको हाजिरी, बिदा तथा सो सँग सम्बन्धित प्रतिवेदनहरुको व्यवस्थित अभिलेख राख्न कार्यान्वयनमा रहेको केन्द्रिकृत ई-हाजिरी प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

१५२. गाउँपालिकाले संचालन गरेका सूचना प्रविधि प्रणालीहरु Website, Mobile App, Smart Help Desk आदिलाई अनिवार्य रुपमा अवलम्बन गर्ने तथा समयानुकुल अद्यावधिक गरिनेछ ।

## ⇒ राजश्वः

१५३. गाउँपालिका तथा सबै वडा कार्यालयमा लागू गरिएको अनलाइन राजश्व प्रणाली थप सुदृढ र प्रभावकारी बनाइनेछ ।

१५४. गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

१५५. सामुदायिक वनहरुलाई करको दायरामा ल्याई राजश्व वृद्धि गरिनेछ ।

## ⇒ न्यायिक सम्पादन:

१५६. गरिब, असहाय तथा पछाडी पारिएका व्यक्तिहरुको लागि निःशुल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराउन आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

१५७. विवादको समाधान वडास्तरमा गर्न मेलमिलाप केन्द्रलाई थप प्रभावकारी बनाइनेछ ।

१५८. स्थानीय न्याय सम्पादन प्रकृयामा सूचना प्रविधिको प्रयोग गरि छिटो, छरितो र थप व्यवस्थित गरि सरल, सहज र पहुँचयोग्य बनाइनेछ।

१५९. न्यायीक समितिबाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयनका लागि निर्णय कार्यान्वयन कार्यविधि बनाई लागू गरिनेछ ।

१६०. मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१६१. न्यायिक समितिमा कानूनी परामर्शको लागि कानूनी सल्लाहकार राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

### ⟹ शासकीय प्रवन्धः

१६२. गाउँपालिकाद्वारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।

१६३. संविधान र संघ तथा प्रदेश सरकारद्धारा प्रदत्त स्थानीय सरकारका अधिकारको कार्यान्वयनका लागि आवश्यक कानूनको पहिचान र निर्माण गरिनेछ ।

१६४. गाउँपालिकामा योजना बैंकको स्थापनाका लागि योजना बैंक सम्बन्धी दिग्दर्शन बनाई कार्यान्वयन गरिनेछ ।

१६५. स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी वित्तीय अनुशासन, पारदर्शिता, उत्तरदायित्व र सेवा प्रवाहको गुणस्तर वृद्धि गरिनेछ ।

१६६. स्थानीय तहमा सेवा प्रवाह, योजना निर्माण, अनुगमन र निर्णय प्रक्रियामा संलग्न व्यक्तिहरुको दक्षता र कार्यकुशलता अभिवृद्धि गर्न क्षमता विकास योजना निर्माण गरिनेछ ।

१६७. कर्मचारी र जनप्रतिनिधिहरुको कार्यदक्षता, जवाफदेहिता र सेवा गुणस्तर वृद्धि गर्न तालिम तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

१६८. स्थानीय तहको संस्थागत क्षमता, जनशक्ति व्यवस्थापन, कार्यक्षमता र सेवा प्रवाहमा सुधार ल्याउन संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण गरिनेछ ।

### सभाका सदस्य ज्यूहरु,

**अन्तमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्नमा मार्ग निर्देशन गर्नुहुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवि, विभिन्न संघसंस्थाहरु, सामाजिक संगठनहरु, नागरिक समाज, सामुदायिक संस्थाहरु, देश तथा विदेशमा रहनुभएका जोरायल गाउँपालिकाका दिदीबहिनी तथा दाजुभाईहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस गाउँपालिकाको विकासमा योगदान पुऱ्याउनुहुने आम नागरिक, विकास साझेदार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद !**

**दुर्गा दत्त ओझा**
**अध्यक्ष**
**जोरायल गाउँपालिका डोटी**

गाउँसभा अधिवेशनमा पेश भएको मिति २०८२/०१/०७
गाउँसभा अधिवेशनबाट स्वीकृत भएको मिति २०८२/०१/१७